*Academic Journal of Sukuna – AJoS: A Peer-reviewed Journal*
*(Special Issue on Nepali Language and Literature)*
*Vol. 4, Issue 1: 2024 May (2081 Jetha), PP. 185-200*
*ISSN: 2594-3138 (Print)*
*Research Management Cell (RMC-Sukuna), Sundarharaincha, Morang*

# आदिवासी उपन्यासका नायकमा हीनताभास

सुभाषचन्द्र न्यौपाने, पिएच.डी.

उपप्राध्यापक, त्रिवि, महेन्द्र बहुमुखी क्याम्पस, धरान, सुनसरी, नेपाली विभाग

subashneupane953@gmail.com

## लेखसार

प्रस्तुत अध्ययनमा उपन्यासकार देश सुब्बाको *आदिवासी* उपन्यासको नायक निसाम्‌मा मनोवैज्ञानिक समस्याका कारण उत्पन्न हीनताभासको विश्लेषण गरिएको छ । सुब्बाको २०६४ सालमा प्रकाशित प्रस्तुत उपन्यासको नायकमा के-कस्तो मनोवैज्ञानिक हीनत्वग्रन्थि सक्रिय भएको छ र उसमा के-कस्ता मानसिक तनाबका अवस्थाहरू देखिन्छन् भन्ने कुराको विश्लेषण यस लेखमा गरिएको छ । प्रस्तुत लेख तयारीका क्रममा प्राथमिक सामग्रीका रूपमा उपन्यासकार देश सुब्बाको *आदिवासी* उपन्यासलाई लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा मनोवैज्ञानिक हीनताभाससँग सम्बन्धित लेख, पुस्तक तथा शोधग्रन्थहरूका साथै *आदिवासी* उपन्यासका सन्दर्भमा प्रकाश पारी लेखिएका सामग्रीहरूको उपयोग गरिएको छ । पुस्तकालयीय सामग्रीहरूको प्रयोग गरी प्रस्तुत लेख तयार पारिएको छ । प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित छ । प्रस्तुत उपन्यास स्वैच्छिक चयनका आधारमा अध्ययनका लागि छनोट गरिएको हो । सामग्री विश्लेषणका क्रममा निगमनात्मक विधिअनुसार स्थापित एडलरको वैयक्तिक मनोविज्ञानकअन्तर्गत हीनताग्रन्थि सिद्धान्तका आधारमा *आदिवासी* उपन्यासको सूक्ष्म पठन विधिमार्फत अध्ययन गरी वर्णनात्मक र व्याख्यात्मक विधिको प्रयोगद्वारा यस लेखलाई पूर्णता दिइएको छ । हीनताभासको सशक्त प्रयोगका कारण यो कृति पूर्ण रूपमा मनोविज्ञानमा आधारित छ र यस कृतिको भय भनेको हीनत्व भावनाबाट उत्पन्न मनोवैज्ञानिक भय हो, सोही आधारमा *आदिवासी* नायक निसाम् मनोवैज्ञानिक समस्याका कारण हीनताभासग्रस्त भएको चरित्र हो भन्ने निष्कर्ष प्रस्तुत लेखबाट निकालिएको छ ।

*शब्दकुञ्जी* **:** अर्धचेतन, मनोवैज्ञानिक, भयवादी, मानसिकता, हीनताभास, यायावरीय

## विषयपरिचय

प्रस्तुत लेख उपन्यासकार देश सुब्बाको *आदिवासी* उपन्यासको नायक निसाम्‌मा केकस्ता मनोवैज्ञानिक समस्याका कारण हीनताभास उत्पन्न भएको छ भन्ने कुराको विश्लेषणमा केन्द्रित छ । *आदिवासी* भयवादी

चेतनामा आधारित उपन्यास हो। यस उपन्यासका माध्यमबाट नै देश सुब्बाले भयवादी चिन्तनको प्रारम्भ गरेका हुन्। यो उपन्यास चिन्तक देश सुब्बाको भयवादको प्रयोग भूमि र सैद्धान्तिक अवधारणाको दस्ताबेज पनि हो। प्रस्तुत लेख गुणात्मक अनुसन्धानमा आधारित रहेको छ। स्वैच्छिक रूपमा उपन्यासकार देश सुब्बाको *आदिवासी* उपन्यासको छनोट गरी यस उपन्यासको प्रमुख पात्र नायकको एडलरको वैयक्तिक मनोवैज्ञानिकअन्तर्गत हीनताग्रन्थिसम्बन्धी अवधारणाका आधारमा विश्लेषण गरिएको छ।

वि. सं.२०२१ साल मङ्सिर २१ गते धरानमा जन्मिएका देश सुब्बा प्रवासमा रहेर पनि निरन्तर नेपाली भाषासाहित्यको सेवामा समर्पित सक्रिय साहित्यसर्जक हुन्। नेपाली साहित्यमा उनी उपन्यासकार, कवि र चिन्तकका रूपमा स्थापित भएका छन्। २०४१ सालदेखि नै उपन्यास लेखनमा सक्रिय रहे पनि २०५० सालपछि मात्र उनका उपन्यासहरू प्रकाशनमा आउन थालेका हुन्। *दोषी कर्म* (२०५०), *अपमान* (२०५२), *शहीद* (२०५६) र *आदिवासी* (२०६४) उनका प्रकाशित औपन्यासिक कृतिहरू हुन्। उपन्यासबाहेक उनले डायस्पोरिक चेतनामा आधारित कविताहरूको पनि रचना गरेका छन्। उनका कविताहरू *हङकङका कविता* (२०६३/६४) र *सिर्जनशील साहित्य* (२०६४) मा सङ्कलित छन्। देश सुब्बाको अर्को सशक्त व्यक्तित्व चिन्तक व्यक्तित्व हो। (२०६२/६३) सालदेखि नवीन चिन्तनका खोजमा लागेका सुब्बाले *आदिवासी* उपन्यासका माध्यमबाट भयवाद नामक चिन्तनको प्रारम्भ र विकास गरेका हुन्। *भयवाद वैचारिक चिन्तन* (२०६६) *भयवाद विमर्श* (२०६७) लगायतका विभिन्न लेखहरूमार्फत उनले आफ्नो भयवादसम्बन्धी चिन्तनलाई प्रस्तुत गरेका छन्। यही भयवादसँग सम्बन्धित चिन्तनका आधारमा उनले *आदिवासी* उपन्यासको रचना गरेका छन्।

उपन्यासकार देश सुब्बाको *आदिवासी* उपन्यासलाई विभिन्न कोणबाट विश्लेषण गर्न सकिने आधारहरू रहेका छन् र भयवादी विभिन्न कोणबाट यस उपन्यासको विश्लेषण पनि भइसकेको छ। पूर्वकार्यको अध्ययनका यसमा यस उपन्यासका सन्दर्भमा भयवादी अवधारणाअनुसार जीवन भयवाट सञ्चालित छ तर यस उपन्यासको नायक पनि भयबाट निर्देशित हुँदै जीवनको सार्थकताका लागि घरबाट त्यागेर जङ्गल गएको र जीवनलाई सार्थक पार्न सफल भएको सन्दर्भको चर्चा गरिएको छ तर यस उपन्यासको नायककमा के-कस्ता कारणले हीनताभास उत्पन्न भएको छ भन्ने कुराको विश्लेषण नभएकाले  प्रस्तुत लेखमा देश सुब्बाको *आदिवासी* उपन्यासको प्रमुख पात्रमा हीनताभासका कारण उत्पन्न वैयक्तिक मनोवैज्ञानिक समस्याको विश्लेषण गरिएको छ। प्रस्तुत लेख *आदिवासी* उपन्यासको मूल पात्र निसाम् मनोवैज्ञानिक समस्याका कारण के-कस्तो हीनताभासग्रस्त छ भन्ने कुराका विश्लेषणमा केन्द्रित हुने र निसाम्मा देखापरेको हीनत्वपूर्ण अवस्था के-कसरी अभिव्यक्ति भएको छ र ऊ के-कस्तो मनोरोगको रुग्ण देखिन्छ भन्ने कुराको विश्लेषणमा केन्द्रित रहेको छ। *आदिवासी* उपन्यासमा केकस्तो मनोविज्ञानको प्रयोग भएको छ भएको छ भन्ने कुराको विश्लेषण गरी *आदिवासी* उपन्यासको प्रमुख पात्र निसाम्

के-कस्तो मनोरोगले आक्रान्त बनेर हीनताभासग्रस्त जीवन बाँच्न अभिशप्त छ भन्ने कुराको विश्लेषण गर्नु यस लेखको मूल उद्देश्य रहेको छ ।

उपन्यासकार देश सुब्बाको *आदिवासी* उपन्यासमा मनोवैज्ञानिक चेतनाको खोज गरिएको प्रस्तुत अध्ययन आफैँमा औचित्यपूर्ण रहेको छ । उपन्यासकार सुब्बाले प्रतिपादन भयवादी चिन्तनमा मनोविज्ञानको प्रत्यक्ष प्रभाव परेको यस उपन्यासमा मनोविज्ञानको केकस्तो स्वरूप भेटिन्छ र प्रमुख पात्रमा केकस्तो मनोरोगको अवस्था देखिन्छ भन्ने कुराको आधिकारिक तथा वस्तुपरक खोज हुने भएकाले यस लेखको औचित्य रहेको छ भन्ने कुरा पुष्टि हुन्छ । उपन्यासकार देश सुब्बाको *आदिवासी* उपन्यासको प्रमुख पात्र निसाम्मा मनोविज्ञानसम्बन्धी हीनताग्रस्त केकसरी उत्पन्न भएको छ र मनोवैज्ञानिक हीनताभासका कारण यस उपन्यासको प्रमुख पात्र केकसरी मनोरोगी भएको छन् भन्ने कुराको विश्लेषणमा मात्र केन्द्रित हुनु प्रस्तुत लेखको सीमा हो ।

उपन्यासकार देश सुब्बाको जीवनी तथा उनको भयवादी चिन्तनका सन्दर्भमा विभिन्न टीकाटिप्पणीहरू भएका छन् तर *आदिवासी* उपन्यासको वैयक्तिक मनोवैज्ञानिक विश्लेषण भएको पाइँदैन । खास गरी देश सुब्बाले यसै उपन्यासमार्फत नवीन चिन्तनका रूपमा भयवादको प्रयोग गरेका हुनाले यसभित्र भयवादी चेतनाको अभिव्यक्ति केकसरी र कुन रूपमा भएको छ भन्ने कुराको अध्ययन निक्कै भएको देखिन्छ । *आदिवासी* उपन्यासको भयवादी दृष्टिकोणबाट विश्लेषण भएको पाइए पनि वैयक्तिक मनोवैज्ञानिक कोणबाट चर्चापरिचर्चा भएको पाइँदैन । यस उपन्यासका सन्दर्भमा जेजस्ता चर्चापरिचर्चा र टीकाटिप्पणीहरू भएका छन् तिनैलाई यहाँ पूर्वकार्यका रूपमा क्रमश: कालक्रमका आधारमा प्रस्तुत गरी आजसम्म हुन बाँकी रहेको वैयक्तिक मनोवैज्ञानिक अध्ययनलाई यस लेखमा विश्लेषण गरिएको छ ।

माबुहाङ (२०६६) ले लिम्बुवानको भय शीर्षकको लेखमा *आदिवासी* उपन्यासमा लिम्बू जातिको अस्तित्व लोप हुन लागेको भयले यस उपन्यासको नायक बढी चिन्तित रहेको सन्दर्भ प्रस्तुत गरेका छन् । प्रस्तुत उपन्यासमा लिम्बूहरूले आफ्नो अस्तित्वको खोज गरेको र आफ्ना रीतिरिवाज, मूल्यमान्यता तथा संस्कारहरू लोप हुन लागेकामा यस उपन्यासको नायकलाई भयबोध भएको छ र सो भयबाट मुक्त हुनका लागि उसले जङ्गलमा गई धेरै ज्ञान हासिल गरेको छ र पछि ऊ गाउँ फर्किएर फेदाङमा बनी आफ्नो लिम्बू संस्कृतिको जगेर्ना गर्न तत्पर रहेको तथ्य प्रस्तुत गरेका छन् । माबुहाङले *आदिवासी* उपन्यासमा प्रयोग भएको आदिवासी यस क्षेत्रको मूलवासी भएकाले यिनीहरूका अस्तित्वको संरक्षणका लागि प्रस्तुत उपन्यासको भय अनुकरणीय छ भन्ने कुरा उल्लेख गरिएका छन् तर यस उपन्यासका पात्रमा उत्पन्न भयलाई मनोविज्ञानसँग जोडिएको छैन ।

बराल (२०६६) ले आदिवासी उत्खनन लेखमा भयवादको प्रयोग नामक लेखमा भय के हो र यो मानिसमा कहाँ र कसरी बसेको हुन्छ भन्ने कुराको चर्चा गर्दै उपन्यासकार देश सुब्बाको *आदिवासी* उपन्यासको

नायक निसाम्ले भयबोधकै कारण सोही भयको निदानका लागि घर छोडेर जङ्गलतिर हिँडी उसको मानसिक अवस्था केही शान्त भएको कुरा उल्लेख गरेका छन् । जीवनको आदिम युगदेखि मानव जीवनसँग टाँसिएको रहस्यात्मक स्वरूपमा रहेको भयको खोज यस उपन्यासभित्र गर्न खोजिए पनि यस उपन्यासका पात्रहरूले भयबाट मुक्ति प्राप्त गर्न भने सकेका छैनन् । त्यसैले यो उपन्यास रहस्यमय घुम्तीहरूको भय हो भन्ने कुरा बरालले आफ्नो विश्लेषणमा उल्लेख गरेका छन् । बरालको विश्लेषणमा निसाम्को मानसिक अवस्थाको सङ्केत गरेर यो उपन्यास मनोवैज्ञानिक हो भन्ने सङ्केत गरिए पनि मनोवैज्ञानिक रूपमा यस उपन्यासको विश्लेषण गरिएको पाइँदैन ।

दाहाल (२०६६) ले आदिवासी उपन्यास सङ्क्षिप्त विमर्श नामक लेखमा देश सुब्बाको *आदिवासी* उपन्यासको विषयवस्तुमाथि विमर्श गरेका छन् । यस उपन्यासले समेटेको विषयमा भय छ त्यो भय आदिवासी मूल प्रवाहमा समाविष्ट छ । उपन्यासको नायकले विभिन्न ठाउँमा घुम्दै जाँदा अनेक नवीन कुरा पत्ता लगाउने अवस्था छ तर भयवादको परिभाषा, प्रयोग, शक्ति र सीमाको विषय प्रकाशित भएको छैन भन्ने कुरा दाहालको विश्लेषणमा उल्लेख गरिएको छ । दाहालको विश्लेषणमा पनि यस उपन्यासमा प्रयुक्त मनोवैज्ञानिक प्रभावको कुरा उल्लेख गरिएको छैन ।

खतिवडा (२०६६) ले साहित्यकार देश सुब्बाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन नामक शोधपत्रमा देश सुब्बाको समग्र व्यक्तित्वमाथि प्रकाश पार्नुका साथै उनका कृतिहरूको विषयगत तथा तत्त्वगत विश्लेषण गरेका छन् । *आदिवासी* सुब्बाको चौथो उपन्यास हो । यस उपन्यासमा मान्छेको जीवनजगत्लाई मुख्य विषय बनाइएको छ । मान्छेमा भय हुन्छ र उसलाई केही न केहीले भयभीत बनाइरहेको हुन्छ भन्ने कुरा *आदिवासी* उपन्यासका पात्रहरूले प्रस्तुत गरेका छन् भन्ने कुरा खतिवडाले उल्लेख गरेका छन् । खतिवडाको शोधपत्रमा आदिवासी उपन्यासमा मनोविज्ञानको प्रयोग गरेको पाइन्छ भन्ने कुराको सङ्केत देखिन्छ ।

भट्टराई (२०६६) ले नेपाली साहित्यमा एक नवीवतम सिद्धान्त र प्रयोगका कुरा नामक लेखमा चिन्तक देश सुब्बाले प्रारम्भ गरेको भयवादको सैद्धान्तिक अवधारणा के हो भन्ने कुरा उल्लेख गरेका छन् । भयवादको चर्चापछि सुब्बाकै *आदिवासी* उपन्यासमा प्रयुक्त भयवादी चेतनाको सन्दर्भमा पनि भट्टराईले केही विमर्श गरेका छन् । *आदिवासी* एउटा नौलो उपन्यास हो । लेखकले यसलाई भयवादसँग जोडेका छन् । उनकै भयवादी सिद्धान्तको प्रयोग उनले आफैँ *आदिवासी* उपन्यासमा गरेका छन् भन्ने कुरा भट्टराईको विश्लेषणमा उल्लेख गरिएको छ । भट्टराईको विश्लेषणमा पनि उपन्यासको भय मनोविज्ञानसँग कतिको निकट छ भन्ने कुराको विमर्श पाइँदैन ।

न्यौपाने (२०६६) ले भयवादी आदिवासी एक अनुचर्चा नामक लेखमा परदेशमा बसी नेपाली भाषासाहित्यमा कलम चलाउने र सधैँ देशका आदिवासी समुदायप्रति सहानुभूति राख्ने देश सुब्बाका कार्यको

प्रशंसा गर्दै *आदिवासी* उपन्यासमा प्रयुक्त भयवादी चेतनाको चर्चा गरेका छन् । तीन परिच्छेदमा संरचित *आदिवासी* उपन्यासलाई भयका सूत्रले बुनेर आख्यानीकरण गरिएको भए पनि यसमा आख्यानलाई भन्दा बढी परिवेशलाई महत्त्व दिइएकाले *आदिवासी* आख्यान प्रबल नभएर विचार प्रबल उपन्यास बन्न पुगेको छ भन्ने कुरा समालोचक न्यौपानेको ठहर छ ।

शेर्मा (२०६६) ले भयवाद एक चर्चा नामक लेखमा भयवाद के हो र यसको स्वरूप केकस्तो छ भन्ने विषयमाथि प्रकाश पार्दै *आदिवासी* उपन्यासका सबै पात्रहरूले भयलाई बोकेर हिँडेका हुनाले यो भयवादी चिन्तन बोकेको उपन्यास हो भन्ने कुरा उल्लेख गरेका छन् । रोग, बुढ्याइँ र मृत्यु देखेर हिजो बुद्धले घर छोडेझैँ *आदिवासी* उपन्यासको प्रमुख पात्र निसाम्ले पनि विभिन्न भयको अनुभव गर्दै घर छोडेको छ । संसार भयको महाप्रलयमा छ । संसार भौतिक सुखको आधुनिक होडबाजी र अस्त्रयुद्धले ब्रह्माण्ड नै कब्जा गर्ने सुरमा छ । यो सबै भयकै खातिर हो । सबभन्दा ज्यादा भय पृथ्वीमा छ । पहिरो, सुनामी, बाढी, महामारी, रोगव्याधि आदि भयका कारक हुन् भन्दै शेर्माले भयकै आधारमा संसार सञ्चालित र चलायमान रहेको कुरा प्रस्तुत गरेका छन् ।

माथि प्रस्तुत भएका विभिन्न चिन्तकहरूका अवधारणा र विश्लेषणहरूमा उपन्यासकार देश सुब्बाको *आदिवासी* उपन्यास भयवादी चेतनाले भरिएको कृति हो भन्ने विचार प्रायः सबै चिन्तकहरूको आएको छ तर यस उपन्यासको प्रमुख पात्र निसाम्मा देखापरेको मनोवैज्ञानिक समस्या र त्यसबाट सिर्जित हीनताभासको विश्लेषण कसैबाट गरिएको पाइँदैन । उपन्यासको प्रमुख पात्रमा मनोरोगले केकस्तो भयको अवस्थालाई सङ्केत गरिएको छ तर कुन प्रकारको मानसिक पीडाले आक्रान्त बनी नायक हीनताभासका कारण विचलित अवस्थामा पुग्न विवश बनेको छ भन्ने कुराको विश्लेषण माथिका पूर्वकार्यहरूमा गरेको नपाइएकाले यही शोधरिक्तता पूरा गर्नका लागि वैयक्तिक मनोवैज्ञानिक हीनताभास चेतनाका आधारमा *आदिवासी* उपन्यासको विश्लेषण गर्नु पर्ने देखिएकाले यो लेख तयार पारिएको हो ।

## अध्ययन विधि र सामग्री

शोधका क्रममा अँगालिने क्रमबद्ध नियम तरिका वा कार्यप्रणाली नै विधि हो । प्रस्तुत अध्ययन गुणात्मक ढाँचामा आबद्ध भएकाले यसका लागि पुस्तकालयीय सामग्री सङ्कलन गरी सङ्कलित सामग्रीलाई वर्णनात्मक र विश्लेषणात्मक प्रक्रियाबाट लेखलाई पूर्णता दिइएको छ । प्रस्तुत अध्ययनमा समस्याकथनमा उठाइएका समस्याहरूको समाधानका लागि पुस्तकालयीय स्रोतबाट जर्नलहरू, शोधपत्र तथा सैद्धान्तिक प्रकृतिका सामग्रीहरू जुटाइएको छ । यस अध्ययनमा विषय विज्ञहरूद्वारा लेखिएका पुस्तकहरूबाट नै सैद्धान्तिक सामग्रीहरू सङ्कलन गरिएको हुनाले यी सामग्रीहरू द्वितीयक स्रोतमा आधारित रहेका छन् । प्रस्तुत अध्ययनमा स्वैच्छिक

चयनका आधारमा देश सुब्बाको *आदिवासी* उपन्यासको छनोट गरी कृतिको सूक्ष्म पठन तथा विवेचना गरी निष्कर्ष निकालिएको हुनाले यस अध्ययनका लागि *आदिवासी* उपन्यासचाहिँ प्राथमिक सामग्रीका रूपमा रहेको छ।

प्रस्तुत अध्ययन गुणात्मक ढाँचामा केन्द्रित रहेको छ। यस अध्ययनमा सङ्कलित सामग्रीको विश्लेषण गरी निष्कर्ष निकाल्ने सन्दर्भमा विश्लेणात्मक ढाँचाको प्रयोग गरिएको छ। खास गरी प्रस्तुत अध्ययनमा *आदिवासी* उपन्यासका समग्र उद्धरणको अध्ययन गरी सूक्ष्म पठन विधिका माध्यमबाट प्राप्त तथ्यलाई व्याख्या तथा विश्लेषण गर्ने विश्लेषणात्मक ढाँचामा आधारित भएर निष्कर्षमा पुगिएको छ।

## नतिजा तथा छलफल

प्रस्तुत लेखमा वैयक्तिक मनोविज्ञानअन्तर्गत हीनताग्रन्थिले ग्रस्त भएको *आदिवासी* उपन्यासको नायक निसाम्‌ले आफ्नो हीनत्व भावनाको क्षतिपूर्तिका लागि गरेको सङ्घर्षलाई वैयक्तिक मनोवैज्ञानिक सिद्धान्तअनुसार विश्लेषण गर्ने काम गरिएको छ। मानवीय व्यवहार तथा व्यक्तित्वको निमार्ण गर्ने मनलाई विशेष महत्त्व दिने मनोवैज्ञानिक सम्प्रदाय नै मनोविज्ञान हो। यसले मानिसका अचेतन मानसिक क्रियाकलापको अनुसन्धान गर्छ भने यस सिद्धान्तलाई मानसिक विकृतिको व्याख्या र उपचार गर्ने मनोचिकित्सा पद्धतिका रूपमा पनि लिइन्छ। साहित्यको सम्बन्ध मानव मनसँग रहेको हुँदा साहित्य र मानव मनका बिच घनिष्ट सम्बन्ध रहेको हुन्छ। मनोविश्लेषणले मानिसको मन तथा व्यक्तित्वको सैद्धान्तिक अध्ययन गर्ने हुँदा यसलाई मनोविश्लेषणात्मक सिद्धान्त पनि भनिन्छ। यस सिद्धान्तको प्रतिपादन फ्रायडले गरेका हुनाले यस सिद्धान्तलाई फ्रायडवाद पनि भनिन्छ (शर्मा र लुइटेल,२०६१, पृ.१६१)। मान्छेले आत्मरक्षा तथा जातिरक्षाका लागि गर्ने क्रियाकलापहरू महत्त्वपूर्ण जीवनमूलक प्रवृत्ति हुन्। यसै जीवनमूलक वृत्तिले व्यक्तिलाई आफ्नो जीवनलक्ष्यतर्फ गतिशील हुने प्रेरणा दिन्छ भन्ने मान्यता फ्रायडको रहेको छ। मान्छेका अन्तरमनका अपरिभाष्य, अदृश्य अनेक पत्रहरू, कोठाहरू, तिनका तहहरू, सुषुप्त अवस्थामा रहेका अतृप्त र संवेगजन्य उत्सुकता तथा अभिलाषाहरूको प्रस्तुति मनोविज्ञानले गर्छ। मान्छेका अन्तरमनका इच्छा र बुभुक्षाहरू पूर्ति हुन नसकेका कारणले खण्डित रहेका अवस्थामा तिनको परिपूर्तिको याचना प्रकट गर्ने क्रममा सहायक तत्त्व बनेर अभिव्यक्त हुने प्रक्रियाहरूकै कारण र परिणामसमेतको पहिचान यस विज्ञानले गर्दछ (सुवेदी, २०६४, पृ.२४५)। फ्रायडले मान्छेको मनका चेतन, अवचेतन र अचेतन मन गरी तीन तहको उल्लेख गर्दै मनोरोगीका स्वप्नहरूको विश्लेषण र टिपोट गर्दै मनोविश्लेषणको स्थापना गरेका हुन्। अचेतनका अधुरा अनुभूति, इच्छा र आकाङ्क्षाहरू अवचेतन मनको स्वप्न प्रक्रियामा पूरा हुन खोज्छन् भन्दै साहित्यकार पनि एउटा मनोरोगी कलाकार हो र उसले आफ्ना दमित वासना वा एषणालाई कुनै कृतिगत पात्रका माध्यमबाट रूपान्तरण गरी प्रस्तुत गर्दछ भन्ने फ्रायडको धारणा रहेको छ (आचार्य, २०६२, पृ. ४७)।

मान्छेभित्रका दमित वासना, भावना, अवसरको कमी, हीनताभास, कुण्ठा, छट्पटी, आफ्ना आकाङ्क्षाको अपूर्णताका साथै आत्मिक कामेच्छाहरूको अभिव्यक्ति साहित्यमा हुन्छ । उच्चता ग्रन्थिका आकाङ्क्षाहरू पूरा नभएपछि स्वयम् मान्छेभित्र हीनताबोध भई ऊ पिरोलिएर, दबिएर बस्न बाध्य हुन्छ र त्यसले निकास नपाउँदा चेतन मन अनियन्त्रित भएको व्यक्ति मनोरोगी बन्छ । व्यक्तिको यही मनोरोगी अवस्थाको विश्लेषण मनोविज्ञानले गर्दछ भन्ने एडलरको धारणा रहेको छ । चेतन, अवचेतन र अचेतन मनमध्ये अचेतन मनका कुण्ठाहरू अवचेतनमार्फत बेलाबेलामा स्वप्न, दिवास्वप्न, विभिन्न मनोविकार, दैनिक सामान्य, असामान्य क्रियाकलाप, उच्चतर र हीनतर कार्य आदिका रूपमा रूपान्तरित भएर बाह्य रूपमा प्रकट भइरहन्छन् । मान्छेका अचेतन मनका अतृप्त एवम् दमित अवस्थामा रहेका यस्ता कुण्ठित कामेच्छाहरूको प्रबलता जति जति बढ्दै जान्छ ती कामेच्छाहरूको तृप्तिका लागि त्यति नै बढी प्रयत्न गर्न थाल्छन् र विभिन्न छद्म रूप धारण गरेर तृप्तिको मार्ग अपनाउँछन् । यही कारणले गर्दा मान्छेमा सानाठुला, उच्चतर, हीनतर अनि सिर्जनात्मक, ध्वंशात्मक सबै किसिमका व्यवहारका पछाडि अचेतन, अवचेतन प्राप्त कुण्ठाको प्रेरणा प्रत्यक्षपरोक्ष रूपमा रहेको हुन्छ । जसलाई वैयक्तिक मनोविज्ञानले मात्र विश्लेषण गर्छ (श्रेष्ठ, २०५८, पृ.२२५) । उपन्यासकार देश सुब्बाको *आदिवासी* उपन्यासको प्रमुख पात्र तथा नायक पनि अवचेतन, अचेतन मनद्वारा प्रेरित बनेर हीनताभासका कारण भयग्रस्त जीवन बाँचेको हुनाले यही एडलरको वैयक्तिक मनोवैज्ञानिक हीनताभास सिद्धान्तका आधारमा प्रस्तुत उपन्यासको विश्लेषण गर्ने काम यस लेखमा गरिएको छ ।

जन्मदेखि नै मानिस असहाय हुन्छ । उसमा ठुला मानिसका तुलनामा आङ्गिक, मानसिक हीनताको अनुभव बढ्दै जान्छ । आफ्ना दैनिक कार्यहरूमा क्रियात्मक कमी तथा मानसिक अल्प क्षमताको भावले व्यक्तिमा लघुताभास उत्पन्न हुँदै जान्छ । यसरी क्रमशः विकसित हुँदै गरेको लघुत्वको भावना ग्रन्थिका रूपमा विकसित भएर स्थिर हुन थाल्छ । यसैलाई हीनताग्रन्थि भनिन्छ । यसरी व्यक्तिमा हीनताग्रन्थिको विकास भइसकेपछि त्यसैको क्षतिपूर्तिका लागि व्यक्ति नयाँ जीवनशैलीको चयन र निर्माणमा लाग्दछ (बराल र एटम, २०५८, पृ.१३५ । फ्रायडका शिष्य एडलरले फ्रायडको भन्दा भिन्न वैयक्तिक मनोविज्ञानको विकास गरी व्यक्तिमा रहेका उच्चताग्रन्थि र हीनताग्रन्थिसम्बन्धी अवधारणा अगाडि सारे । वैयक्तिक मनोविज्ञानमा हीनताग्रन्थिले अत्यन्त महत्त्व पाएको देखिन्छ । एडलरले अधिकारको भावनालाई जीवनको केन्द्रीय प्रेरणा शक्ति मानेर व्यक्तिले अरूको भर पर्नुपर्दा आफ्नै शारीरिक हीनताका कारण उसलाई आफ्नो असहायपन बढी बिझाउँछ र उसले त्यस असहायपनप्रति रिक्तताको अनुभूति गर्छ भनेका छन् । फलस्वरूप उसको आफ्नो असहायपनप्रति प्रतिक्रिया उत्पन्न हुन्छ र व्यक्ति आफूमा भएको एकप्रकारको क्षति वा कमीको पूर्ति अर्को प्रकारको उत्कर्षजनक क्रियाकलापबाट गर्छ वा ऊ आफ्नो कर्मबाट विमुख हुन्छ वा उसले आफ्नो असहायपनप्रति सम्झौता गर्छ ।

व्यक्तिमा रहेको अपूर्णता पूरा नभएमा ऊ मनस्पाती वा रुग्ण बन्न पुग्छ । यही हीनताभासका कारण व्यक्तिले जीवनमा त्यसबाट मुक्तिका लागि गर्ने सङ्घर्षको विश्लेषण वैयक्तिक मनोविज्ञानले गर्दछ (शर्मा र लुइटेल, २०६१, पृ.१८३) । प्रस्तुत लेखमा उपन्यासकार देश सुब्बाको *आदिवासी* उपन्यासको प्रमुख पात्र तथा नायक निसाम्को चरित्रमा देखिएको यस किसिमको हीनताभासलाई मनोवैज्ञानिक चिन्तक एडलरको वैयक्तिक मनोविज्ञान सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ ।

**आदिवासी उपन्यासको संरचना**

प्रस्तुत उपन्यास तीन खण्डमा विभाजित छ । *आदिवासी* उपन्यासको पहिलो खण्डलाई भयको प्रकट/क्षेत्र / समस्या नामकरण गरिएको छ । यो उपन्यासको प्रारम्भ वा उठान खण्ड हो । यसै खण्डमा यस उपन्यासको नायक तथा प्रमुख पात्र निसाम्लाई चिनाइएको छ । प्रस्तुत उपन्यासको दोस्रो खण्डको शीर्षक भयको/खोज/बाटा छट्पटाहट राखिएको छ । यस खण्डमा उपन्यासको नायक निसाम् सबै घरपरिवारका सदस्यहरू मस्त निदाइरहेका बेला घर छाडेर गन्तव्यहीन यात्री बनेर हिँडेको छ । प्रस्तुत उपन्यासको तेस्रो खण्डलाई भयको प्राप्ति/ज्ञानप्राप्त/सहजता शीर्षक दिइएको छ । यस खण्डमा आएर उपन्यासको नायक निसाम्ले मानसिक स्वस्थता प्राप्त गरेको छ तर त्यो उपन्यासको अन्त्यमा मात्र छ ।

**प्रमुख पात्रको हीनताभासयुक्त मनस्थितिको विश्लेषण**

प्रस्तुत उपन्यासको पहिलो खण्डमा निसाम्को किशोर काल र युवा अवस्थाको विद्यार्थी जीवन व्यतीत भएको छ । यही प्रारम्भिक अवस्थामा नै अचानक निसाम् बिमारी भएदेखि उसको मानसिक अवस्था असामान्य बनेको छ । विचलित मानसिकता लिएर निसाम् धेरै महिनासम्म घरमा नै कुण्ठित बनी मनोरोगी भएर बस्न विवश भएको छ । यही विचलित मानसिक अवस्थाकै कारण  निसाम् जताततै भयको अनुभव गर्दै जीवनबाट निराश, विरक्त र तनाबग्रस्त भएको छ । यही अवस्थाबाट निसाम्मा मानसिक समस्या उत्पन्न भएकाले ऊ मनोरोगी चरित्र हो र उसको मानसिक अवस्था असन्तुलित बनेको छ भन्ने कुरा पुष्टि हुन्छ ।

निसाम्का बाबु एक सचेत नागरिक थिए । उनका घरमा आउने विभिन्न राजनैतिक पार्टीका व्यक्तिहरूले निसाम्का बासँग गरेका स्वतन्त्रता र मुक्ति सङ्घर्षका कुराहरू, आदिवासीहरूको सामाजिक राजनैतिक अवस्था, आदिवासीहरूले आफ्ना हक, अधिकार नपाएका प्रसङ्गहरू निसाम्ले सुन्दै आएको थियो । घरमा भएका पुस्तक पत्रपत्रिकाहरूको अध्ययनबाट आदिवासीहरूले आफ्नो हकअधिकारका लागि ठुलो आवाज उठाएका तर आफ्नो भाषा, लिपि, संस्कृति, धर्म, इतिहास, परम्परा आदिको संरक्षण गर्ने कुरामा कुनै चासो नदेखाएको देखेर निसाम्मा एक किसिमको मानसिक तनाब र उथलपुथल हुन्थ्यो । ती आफूले पढेका लेखहरू तथा पुस्तक पत्रपत्रिकाहरूमा आदर्शका कुरा बढी र व्यावहारिक पक्षहरू कमजोर भएको देखेर निसाम्को मनमा अनेक किसिमका विविध

जिज्ञासाहरू उत्पन्न हुन्थे । उसले आफ्ना बाबासँग ती विषयका बारेमा जिज्ञासा पनि राख्थ्यो तर बा उसको जिज्ञासाको  समाधान गर्नुभन्दा उसलाई त्यस्ता विषयबाट अलग राख्न चाहन्थे । फलस्वरूप उसले आफ्ना जिज्ञासाहरूको समाधान प्राप्त गर्न सकेन । आन्दोलनका पक्षमा र भइरहेको राजनैतिक परिवर्तनका पक्षमा निसाम्लाई कुनै पनि कुराको जानकारी नहोस् भन्ने आफ्ना बाबाको अर्को व्यक्तिसँगको संवाद जब निसाम्ले सुन्छ तब उसभित्रको उत्कट चाहना दमित बन्दै जान्छ । यही सन्दर्भबाट उसमा मनोवैज्ञानिक समस्या उत्पन्न भएको छ । यसै समस्याका कारण ऊ बिमारी परेर मनोरोगी हुँदै सिकिस्त भएको छ । केही गर्दा पनि निको हुँदैन र ऊ मनोरोगी बन्न पुग्छ ।

व्यक्तिको मानसिकतामा गम्भीर चोट परेपछि ऊ असामान्य गतिविधि गर्न थाल्छ । प्रस्तुत उपन्यासको नायकको मनमा पनि सामाजिक व्यवस्थामा देखिएका जटिलता, असमानता, विसङ्गति, विकृति, पदलोलुपताजस्ता व्यवहारले उसभित्रको मनस्थिति विचलित बन्न पुगेको छ । जसका कारण ऊ मनोरोगी बनेको छ र यसप्रकारका चेष्टाहरू देखाउन थालेको छ :

> एक दिन अचानक बिरामी भएँ, विचित्रको लक्षणसहित । क्षणक्षणमा अचेत हुने । व्यथाले चेपेपछि विभिन्न आवाज निकालेर कराउने र बर्बराउने गर्न थालेछु । कहिले रुने, कहिले कराउने, कहिले उफ्रिने, कहिले कुद्ने, कहिले थरथरी काम्ने हुन थालेछ । व्यथाले समाउन्जेल होस नहुने, केके क्रियाकलाप गरेँ भनेर अरूले बताउनु पर्ने । एकपटक त कैयौँ दिनसम्म होसै खुलेन भन्थे आमाबाबा । औषधी, उपचार, घर देवता, आदिवासी देवता, कुल देवता, डाक्टर देखाउनु भएछ । केही पारा लागेनछ  । (आदिवासी, पृ.३९)

निसाम्को व्यवहारमा देखिएका यी लक्षणहरू सामान्य मान्छेका लक्षण होइनन् । यी मनोरोगका कारण उत्पन्न भएका प्रतिक्रिया हुन् । जब मान्छेको मनमा नै कुराले गम्भीर असर गर्छ तब उसको चेतन मन विचलित बनी अचेतनका तहमा सल्बलाउन थाल्दछ अनि यस किसिमका क्रियाकलापहरू देखापर्छन् । त्यसैले प्रस्तुत उपन्यासको प्रमुख पात्र निसाम् उपन्यासको प्रारम्भदेखि नै मानसिक कमजोरीका कारण मनोरोगी बनेको छ भन्ने कुरा पुष्टि हुन्छ ।

***मानसिक उपचारका विभिन्न उपाय***

लामो समयसम्म विभिन्न औषधी, उपचार, धामीझाँक्री, झारफुक, घरायसी जडीबुटी आदि गर्दा पनि निसाम्को मानसिक सन्तुलन ठिक भएन । कहिले रुने, कहिले कराउने, कहिले बेहोस हुने, कहिले चिच्च्याउने हुँदै आफू मनोरोगी भएको कुरा निसाम् स्वयम्ले यसरी स्वीकार गरेको छ :

> धेरै कोसिस गरेपछि र विभिन्न ठाउँमा देखिपछि बिस्तारै शारीरिक रूपमा केही सन्चो भएको ठानेँ। कहिले काँही काम्ने बर्बराउने त छँदै थियो। अरूले देख्ता तन्दुरुस्त भैसकेको थिएँ, हिँडडुल गर्थें। खाना राम्रै खान्थेँ। शारीरिक रूपमा सन्चो भए पनि मानासिक रूपमा कमजोर थिएँ। एक किसिमको मनोरोगी भएँ। सुरुमा सन्चो भएको लाग्नु मेरो भ्रम थियो। म मनोरोगी भएको कुरा बिस्तारै चाल पाएँ। लाग्यो तन्दुरुस्ती भ्रम रहेछ। (आदिवासी, पृ. ४०)

मनोरोगी व्यक्तिहरू मनमा अनेक किसिमका कुराहरू खेलाउँछन्। आफू कहिले भयभीत भएको, कहिले भयरहित भएर स्वस्थ भएको, एउटै वस्तु विभिन्न वस्तुमा परिवर्तन भएको कल्पना गर्दै आफ्नै संसारमा रमाउँछन्। सामान्य मान्छेका लागि अस्वाभाविक लाग्ने घटनाहरू मनोरोगीका लागि स्वाभाविक लाग्छन्। उनीहरू आफू के गर्दै छु भन्ने कुरासम्म थाहा पाउँदैनन्। प्रस्तुत उपन्यासको नायक निसाम्ले गरेका सम्पूर्ण गतिविधिहरू अस्वाभाविक र असन्तुलित छन्। जुन कुरा स्वयम् उसैलाई पनि थाहा छैन। उसले अरूहरूबाट आफ्ना गतिविधिहरूको जानकारी प्राप्त गर्नु परेको छ। अवचेतन मनमा अत्यन्त धेरै कुराहरू खेलेपछि निसाम्ले यस किसिमको अनौठो कुराको अनुभव गरेको छ :

> शरीरको कुन भागबाट हो एक दिन खोइ के हो निस्केर गएको देखेँ। आकार राम्रो ठम्याउन सकिनँ। छायाजस्तो, मान्छेजस्तो थियो त्यो। हंस निस्केर गएको जस्तो लागेर डराएँ। डरले निकैबेर कामिरहेँ। मर्छु कि जस्तो लाग्यो। शरीरको श्री नै निस्केर हिँडेपछि मान्छे कसरी बाँच्छ र ? यसपटक किन हो बर्बराइनँ। त्यो छाया धेरै टाढा गएन, घुमिरह्यो मैरै वरिपरि। त्यसले एक किसिमको मण्डल बनायो। हेर्दाहेर्दै विभिन्न रूपमा परिवर्तन भयो। त्यो छायालाई सोचेर मेरो मनले आकार बनायो। कहिले अर्ध मान्छेका रूपमा, कहिले कीराका रूपमा, कहिले भूतप्रेतका रूपमा, कहिले ईश्वरका रूपमा, कहिले सैतानका रूपमा, कहिले दुर्घटना र घटनाका रूपमा। यसले मेरो आँखा र दिमागमा नरक भर्न चाहन्छ जस्तो लाग्यो। व्यथाले चेपेको बेला छायाछाया मेरो छाया भन्दै कराउने, उफ्रिने र जोडले काम्ने गर्थें भन्नुहुन्थ्यो आमा। (आदिवासी, पृ.४०)

यसप्रकार घरपरिवार र समाजका गतिविधिभन्दा भिन्न रूपमा आफ्ना क्रियाकलाप गर्दै आएको निसाम् नितान्त मनोरोगी चरित्रका रूपमा प्रस्तुत भएको छ। उसका गतिविधिहरू सामान्य मान्छेका जस्ता छैनन्। ऊ अवचेतनद्वारा सञ्चालित असामान्य चरित्रका रूपमा देखापरेकाले यसै चरित्रका माध्यमबाट प्रस्तुत उपन्यासको नायक पूर्णरूपमा हीनताग्रस्त जीवन बाँच्न बाध्य भएको छ।

***घरबाट पलायन***

अत्यधिक मानसिक तनाबका कारण निसाम् घरमा बसिरहन सक्दैन। निसाम्लाई आफू के गरौँ र कसो गरौँ हुन्छ। परिवारका लागि ऊ आफूलाई एउटा बोझका रूपमा सम्झिँदै यस्तो सबैका लागि बोझ भएर बस्नुभन्दा बरु घरै छोडेर कतै गन्तव्यहीन ठाउँमा जाने इच्छा उसमा जागेर आउँछ। घर परिवार, समाज र देश छोडेर जब व्यक्ति नितान्त एक्लो बनी हिँड्न खोज्छ तब उसको मानसिकता सही हुँदैन। सचेत मान्छेले घर छाड्नुभन्दा अगाडि कहाँ जाने, के गर्ने, के खाने, कहाँ गई बस्ने सबै कुरा सोचेर योजना बनाएर मात्र अघि बढेको हुन्छ तर मनोरोगीहरू केवल आफूले घर छोड्नु मात्र ठुलो कर्तव्य ठानी घरबाट पलायन हुन्छन्। उनीहरू आफूले घर छाडेपछि परिवारको अवस्था के भयो होला, मेरो चिन्तामा आमाबुबा र अन्य परिवारहरूको के हालत भयो होला भन्ने कुरा सोच्न पनि सक्दैनन् र आफू बेपत्ता भइदिन्छन्। निसाम्को अचेतनमा पनि मैले घर छोड्नुपर्छ, मैले परिवारको बोझ हुनुहुँदैन भन्नेबाहेक अन्य कुनै पनि कुरा अटाउन सकेका छैनन् र उसले कसैलाई नभनी एक रात घर छाडेर अनकन्टार जङ्गलको यात्रा प्रारम्भ गरेको छ। यो उसले गरेको गतिविधिमा पात्रलाई चेतन मनले नभएर अवचेतन तथा अचेतन मनले प्रेरित गरेको हुनाले ऊ मनोरोगी पात्र हो भन्ने कुरा पुष्टि हुन्छ।

***आफ्नै छायाको भय***

निसाम्को मनोविज्ञानमा ऊ बिमारी भएको दिनदेखि उसले आफ्नो शरीरबाट केही निस्किएर गएको तर त्यो निस्किएको वस्तु धेरै टाढा नगएर आफ्नै वरिपरि कुनै न कुनै रूपमा घुमिरहेको अनुभव गरेको छ। त्यो कुनै अन्य कुरा नभएर निसाम्कै छाया थियो। आफैँबाट निस्किएको हंस वा छायाले आफैँलाई बारम्बार भयभीत गराउने, कहिले सूक्ष्म रूपमा त कहिले बृहत् आकारमा प्रकट भएर छायाले दुःख दिइरहेको अनुभव निसाम्ले जीवनभर गरेको छ। यही मानसिक तनाबबाट मुक्त हुनका लागि उसले घरपरिवार समाज सबै त्यागेको छ तर पनि उसको मानसिक समस्याको समाधान हुन सकेको छैन। त्यसैले प्रस्तुत उपन्यास पूर्ण रूपमा मनोवैज्ञानिक उपन्यासका रूपमा स्थापित भएको छ।

***एकान्त स्थानको चयन***

प्रस्तुत उपन्यासको दोस्रो खण्डको शीर्षक भयको/खोज/बाटा छट्पटाहट राखिएको छ। यस खण्डमा उपन्यासको नायक निसाम् सबै घरपरिवारका सदस्यहरू मस्त निदाइरहेका बेला घर छाडेर गन्तव्यहीन यात्री बनेर हिँडेको छ। यसरी हिँडेको निसाम्ले लामो समयसम्म जङ्गलमा बिताएको छ। कहिले खाने कुरा नपाएर, कहिले आराम गर्न नपाएर, शिथिल र कमजोर हुँदाहुँदै पनि उसले आफ्नो गन्तव्यहीन यात्रा रोकेको छैन। जति नै टाढा गए पनि उसलाई भयले सताउन भने छोडेको छैन। यसरी उसलाई भयले नछोड्नु भनेको उसको मनस्थिति अझै सन्तुलनमा नआउनु हो। आफू घरमा मनोरोगी भएर बस्न नसकेर मानसिक शान्तिका लागि ऊ वनवनमा लामो

समयसम्म हिँडिरहे पनि उसभित्रको मनोरोग शान्त हुन सकेको छैन । विद्यार्थी अवस्थामा आफ्नो घरपरिवार समाजका वरपर देखापरेका अराजकता, व्यथिति, अधिकार वञ्चित आदिवासी समुदाय, सामाजिक असङ्गति आदिबाट उत्पन्न तनाब, जिज्ञासा, छट्पटी र आफ्ना जिज्ञासाको समाधान नहुँदा, तल्लो वर्ग, सीमान्तकृत वर्गको जीवनस्तर माथि उठ्न नसकेको अवस्था देख्ता उसभित्र उब्जिएको एक किसमको विरक्ति मनोरोगका रूपमा विकसित हुँदै गएको छ । त्यही मनोरोगबाट मुक्ति प्राप्त गर्नका लागि घरबार त्यागेर यायावरको जीवन व्यतीत गरे पनि उसभित्रको छट्पटी मेटिएको छैन । मानिसहरूको समूहमा हुँदा, आपसमा वार्तालाप गर्दा, प्रकृतिका काखमा आनन्दसँग रमाउँदा त्यो भयको रूप पातलो र सूक्ष्म हुनु अनि एक्लो हुँदा भयले विशाल रूप धारण गरेर उसलाई भयभीत पार्नुले निसाम् एक्लो हुँदा उसको अचेतन बढी सक्रिय भएर उसलाई बढी तनाब दिने र उसका मनभित्र अनेकौँ कुराहरू खेल्न थालेको तथा उसको अचेतन सक्रिय भएको देखिन्छ । जब ऊ एक्लो हुन्छ, उसको मनिभत्र अनेकौँ कुराहरू खेल्न थाल्छन् तब ऊ आफूलाई रोगले थप च्याप्दै गरेको अनुभव गर्छ । जब प्रकृतिको खुल्ला ठाउँमा निसाम् पुग्छ, चारैतिर हरियाली र सौन्दर्य देख्छ त्यतिबेला उसको अचेतन केही निस्क्रिय हुन्छ । चेतन मन प्रबल बनेर ऊ केही मात्रामा मनमा शान्ति भएको महसुस गर्छ । यी सबै उसभित्र उब्जिएका अन्तरमनका द्वन्द्वपूर्ण अवस्थाहरू हुन् जसले यस उपन्यासलाई पूर्ण मनोवैज्ञानिक बनाएका छन् । जब मानिस मनोरोगी बन्छ अनि ऊ समूहमा बस्नुभन्दा एकान्तमा बस्न मन पराउने, कहिले एक्लै हाँस्ने, कहिले एक्लै रुने, कहिले चिच्याउने, कहिले कराउने गर्न थाल्छ । यही अवस्था निसाम्को पनि रहेको हुनाले ऊ मनोरोगी हीनताभासग्रस्त चरित्र हो भन्ने कुरा पुष्टि हुन्छ ।

***भनाइ र गराइमा भिन्नता***

निसाम्ले विद्यार्थी कालमा नै आदिवासीहरूको मुक्ति र स्वतन्त्रताका लागि भएका आन्दोलनहरू देखेको थियो । सदियौँदेखि राज्यसत्ता सीमित वर्गको पहुँचबाट टाढा नगएकाले जबसम्म आदिवासीहरूमा आफ्नो भाषा, संस्कृति, धर्म, परम्परा, रीतिरिवाज, मूल्यमान्यताहरूको संरक्षण गर्नुपर्छ भन्ने चेतना पलाउँदैन तबसम्म यो आदिवासीहरूको आन्दोलन देखावटी मात्र हुनेछ भन्ने उसको विचार थियो । त्यो कुरा उसले आफ्ना पितालाई पनि भनेको थियो तर सबै बाहिरी देखावटमा मात्र लागे । प्रचारबाजीमा मात्र लागे । वास्तविक आदिवासीहरूको सभ्यता र संस्कृतिको संरक्षणतर्फ कसैले चासो देखाएनन् । यही अवस्था देखेर उसको मनमा उब्जिएका अनेकौँ प्रश्नहरूले उसलाई मनोरोगी बनाएका छन् । यिनै कारणले यो पूर्ण रूपमा मनोवैज्ञानिक उपन्यास बन्न गएको छ ।

***कुण्ठाको शमन***

निसाम्ले यायावरीय जीवनमा वनजङ्गलभित्र विभिन्न व्यक्तिहरूसँग सङ्गत गर्ने अवसर प्राप्त गर्‍यो । उसले यस जीवनजगत्सम्बन्धी अनेक ज्ञानगुनका अवधारणाहरू बोध गर्ने अवसर प्राप्त गर्यो । जसले गर्दा ऊ केही

मात्रामा सन्तुलित बन्न पुगेको छ। उसलाई छायाले पछ्याउन नछोडे पनि त्यसले धेरै भयभीत पारेको अनुभव उसले गरेको छैन। निसाम्‌ले यायावरीय जीवनमा आदिवासी समुदायका बारेमा धेरै कुरा बोध गर्ने अवसर प्राप्त गरेको छ। जसका कारण उसको मनस्थिति क्रमशः सन्तुलित हुँदै गएको छ। उसलाई घरमा जस्तो त्यस छायाले विभिन्न रूपमा घेरेको छैन। नयाँ नयाँ ठाउँहरू, बस्तीहरू, मानिसहरूसँगको निरन्तरको सम्पर्कले उसभित्रको कुण्ठा बिस्तारै हराउँदै गएको छ। जब चेतनाले अचेतनलाई सन्तुलनमा राख्छ अनि मान्छे मानसिक रोगबाट मुक्त हुन्छ। यायावरीय जीवनमा निसाम्‌ले प्राप्त गरेका अनन्त ज्ञानराशी र अनुभवहरूबाट ऊ सन्तुष्ट हुने प्रयासमा लागेको छ। केही मात्रामा सन्तुलित पनि भएको छ तर पूर्ण रूपमा स्वस्थ बनिसकेको छैन। अझै उसभित्र मानसिक विकारहरू जीवितै रहेका सङ्केतहरू उसले गरेका क्रियाकलापहरूबाट पुष्टि हुन्छन्।

***मानसिक स्वास्थ्यमा सुधार***

प्रस्तुत उपन्यासको तेस्रो खण्डलाई भयको प्राप्ति/ज्ञानप्राप्त/सहजता शीर्षक दिइएको छ। यस खण्डमा आएर उपन्यासको नायक निसाम्‌ले मानसिक स्वस्थता प्राप्त गरेको छ तर त्यो उपन्यासको अन्त्यमा मात्र छ। यस खण्डको मध्यसम्म पनि ऊ पूर्ण रूपमा स्वस्थ भइसकेको छैन। आदिवासीहरूले प्रकृतिको पूजा गर्ने क्रममा एउटा ठूलो रूखको पूजा गरेका सन्दर्भमा र त्यस ठाउँमा मेला लागेको सन्दर्भमा उसभित्रको अचेतन पुनः एकपटक जागृत भएको छ र ऊ विचलित बनेको छ। आदिम रूखले निसाम्‌लाई पारेको प्रभाव र त्यस रूखप्रतिको आकर्षणका कारण निसाम्‌मा आदिम रूपमा देखेको दृश्यमा उसको अचेतन सक्रिय भएर यसरी प्रकट भएको छ :

> एकान्तमा आदिम रूख हेर्न मन लाग्यो। हेरेँ। निकैबेर हेरिरहेँ। सुरुमा केही देखिनँ पछि बिस्तारै माथिदेखि तलसम्म हाँगा सोरिएर झरेको भागमा केही चल्मलाएको देख्न थालेँ। रूखका ठूलाठूला पात देख्न थालेँ। रूखको पातमा लेखिएको स्वर्ण अक्षर। ती पातका ठूलाठूला अक्षरमा ङ मन्त्र लेखिएका थिए। अनि क्रमशः झन् रुचि लिएर हेर्न थालेँ। सृष्टिको कथा देख्न थालेँ। दर्शन, साहित्य, कला देख्न थालेँ। मलाई झन्झन् उत्सुक लागेर आयो। पहिला त झिमझिम अँध्यारो चम्केको मात्र देखेँ। केही बेरपछि आफ्नो छायालाई पनि भिन्न रूपमा देख्न थालेँ। त्यो चम्केको अँध्यारामा अस्पष्ट आकार देखेँ। सपनाको आकारजस्तो थियो त्यो। आँखालाई तीर पारेर हेरेपछि छाया देखेँ। विभिन्न दिशामा फर्केको रूखको हाँगाले पानीजस्तै, बादलजस्तै, कीराजस्तै, अर्धदृश्य मान्छेजस्तै आकार बनाउँदै बिगार्दै गरिरहेको थियो। मलाई भय लाग्यो अन्तिम पटक। शरीरका रौं दुम्सी भएर खडा भए। एकछिनपछि शरीर काम्न थाल्यो र खलखली पसिना निस्किन थाल्यो। पसिनाको खोलासँगै मलाई पीडा निस्केको अनुभूति भयो। रूखमा भने हाँगा र पालले विभिन्न आकार बनाउँदै बिगार्दै गरिरहेका थिए।

> निकैबेर हेरेपछि त्यो किरिङमिरिङ हाँगाहरूको आकार अर्धदृश्य मान्छेजस्तै बन्यो। विश्वास लागेन। आँखा मिचेर हेरेँ। ऊ बोल्न थाल्यो। तिमीभित्र भएको बास छ। सारा चेतनशील प्राणीभित्र भय बेरिएर बसेको छ। तिमीले जे देख्यौ त्यो सबै भय हो। यो चेतनाको अभाव हो। यो दिमागको बाटो भएर शरीरमा घुमिरहन्छ। (आदिवासी, पृ. ८५/८६)

यहाँ आएर निसाम्मा भयको अवस्था के हो, के कारणले भय उत्पन्न भएको हो र यसको निदान कसरी सम्भव छ भन्ने ज्ञान प्राप्त भएको छ। जब मानवमा चेतनाको कमी हुन्छ, तब भयबोध हुन्छ। त्यसैले भयबाट मुक्तिको मार्ग चेतना हो, ज्ञान हो, शिक्षा हो भन्ने बोध भएको छ र सम्पूर्ण अज्ञानरूपी भयको निवारण ज्ञानबाट मात्र सम्भव छ भन्ने ज्ञान उसले प्राप्त गरेको छ।

***योगबाट भयका निवारणको सङ्केत***

जङ्गलभित्र यसरी यायावर जीवन व्यतीत गर्दा र त्यहाँका विभिन्न सद्गुरुहरूबाट शिक्षा प्राप्त गर्दैगर्दा उसको मनोरोग क्रमशः शान्त हुँदै गएको थियो तर यस प्रसङ्गमा आएर पुनः एकपटक उसको अचेतन सक्रिय भई मानसिक रोग बल्झिएको छ। एउटा रूखका हाँगामा विभिन्न आकार भएका वस्तुहरू देख्नु, रूख बोल्नु, रूखले निसाम्लाई अर्तीउपदेश दिनुजस्ता यी कार्यहरू उसभित्रकै मानसिक छटपटीका प्रकटीकृत रूप हुन्। ऊ पूर्ण रूपमा स्वस्थ भइनसकेको सङ्केत हो। व्यक्ति कुनै न कुनै कारणले एकपटक मनोरोगी बनिसकेपछि अनेक उपाय गर्दा पनि ऊ पूर्ण रूपमा सन्तुलित बन्न सक्दैन भन्ने कुराको सङ्केत पनि यस सन्दर्भले प्रस्तुत गरेको छ किनकि प्रस्तुत उपन्यासको दोस्रो लामो परिच्छेदभरि ऊ यायावरीय जीवनमा रहे पनि प्रायः एक्लो भएन, कसै न कसैको साथमा जीवनजगत् र आदिवासीहरूका बारेमा ज्ञान र चर्चा गर्दै विभिन्न विषयको बोधका साथ सन्तुलित जीवन बाँचेको हुनाले उसमा पनि मानसिक विचलन आएन तर जब उपन्यासको तेस्रो खण्डमा आएर रूखमा लाग्ने आदिवासीहरूको मेला सकिएपछिको एक्लो भएर रूखको दर्शनका बेला पुनः उसको मनोरोग जागृत भएको छ। उसको अचेतन जुर्मुराएको छ र ऊ विक्षिप्तजस्तो बनेको छ। त्यसैले कुनै पनि व्यक्ति जब मानसिक रोगले आक्रान्त हुन्छ उसलाई एक्लै होइन परिवार र समाजसँग घुलमिल गराइराख्नुपर्छ तब मात्र उसको मानसिकता स्वस्थ बन्दै जान्छ भन्ने कुरा यस घटनाले पुष्टि गरेको छ।

***भयबाट पूर्ण मुक्ति***

आदिवासीहरूको पूजा गर्ने मूल स्थान रूखको दर्शनको समयमा अचेत भइसकेर ब्युँझिएपछि ऊ पूर्ण रूपमा स्वस्थ भएको छ। आफू के कारणले भयग्रस्त बन्न पुगेँ भन्ने उसले बोध गरेको छ। आफूले यायावरीय जीवनमा प्राप्त गरेको ज्ञान र अनुभव अब गाउँलेहरूलाई बाँडेर आदिवासीहरूको मुक्ति र स्वतन्त्रताका लागि लागिपर्ने मनसायसहित निसाम् घर फर्किएको छ। उसले यायावरीय जीवन भोगाइका क्रममा आफूभित्रको भय भय

होइन अज्ञानता हो, अचेतन हो, विषयबोधको अपूर्णता हो र मानसिक असन्तुष्टि हो भन्ने कुराको बोध गरेको छ। मानिस मानसिक रूपमा जब कमजोर हुन्छ तब उसले भयको अनुभव गर्छ। मानसिक कमजोरीहरूलाई सहनशील भएर जीवनबोध गरेर हटाइसकेपछि जीवन स्वस्थ बन्न पुग्छ भने र उसले प्राप्त गरेको ज्ञानले मनोरोगसँग ऊ पूर्ण रूपमा परिचित भइसकेको छ र अब मनोरोगलाई कसरी शमन गर्न सकिन्छ भन्ने ज्ञान पनि उसले प्राप्त गरिसकेकाले ऊ एक स्वस्थ, पूर्ण, सामाजिक मानवका रूपमा विकसित भएर गाउँ फर्किएको छ। उसले गाउँलेहरूलाई अर्तीउपदेश दिन थालेपछि उपन्यासको सम्पूर्ण कथावस्तु समाप्त भएको छ भने नायकको मनोरोगको शमन पनि भएको छ।

**निष्कर्ष**

उपन्यासकार देश सुब्बाको *आदिवासी* भयवादी मनोवैज्ञानिक उपन्यास हो। उपन्यासकार देश सुब्बाले *आदिवासी* उपन्यासका माध्यमबाट भयवादी चिन्तनलाई यस उपन्यासमा प्रयोगभूमि बनाएर प्रस्तुत गरेका छन्। यस लेखमा उपन्यासको प्रमुख पात्र निसाम्मा हीनताभासका कारण उत्पन्न मानसिक छट्पटीको अवस्था के छ भन्ने कुरालाई मूल रूपमा विश्लेषण गरिएको छ। तीन परिच्छेदमा संरचित यस उपन्यासमा पहिलो परिच्छेदमा भयको प्रारम्भ र विकास तथा हीनतानभासग्रस्त नायक निसाम्को चरित्रको उद्घाटन गरिएको छ भने दोस्रो खण्डमा भयको खोज गरिएको छ। तेस्रो खण्डको अन्त्यमा आएर नायकमा हीनताभासको अन्त्य भई भयको निवारण भएको छ। गुणात्मक ढाँचामा आधारित प्रस्तुत अनुसन्धानमा स्वैच्छिक छनोटका आधारमा *आदिवासी* उपन्यासको चयन गरिएको छ भने यस कृतिका बारेमा आजसम्म भएका पूर्व अध्ययनहरूमा भयवादी कोणबाट मात्र विश्लेषण गरिएकाले प्रमुख पात्र वा नायकमा के कारणले भय उत्पन्न भई ऊ हीनताभास ग्रस्त बन्न पुग्यो भन्ने कुरा एडलरको वैयक्तिक मनोवैज्ञानिक सिद्धान्तअनुसार विभिन्न उपशीषर्कमा राखी प्रस्तुत कृतिलाई वर्णनात्मक र विश्लेषणात्मक रूपमा व्याख्या गर्दै निष्कर्षमा पुगिएको छ।

प्रस्तुत उपन्यासको प्रमुख पात्र निसाम् हो। ऊ मनोरोगी पात्रका रूपमा उपन्यासमा उपस्थित भएको छ। आदिवासी समुदायको उत्थान र विकासका लागि गरिएका आन्दोलनहरूमा असन्तुष्ट बनेको निसाम्मा आफूले राखेका जिज्ञासाहरूको समाधान नहुँदा बिस्तारै उसभित्र गुम्सिएका मानसिक क्रियाप्रतिक्रियाहरूका कारण ऊ मनोरोगी बनेको छ। अचानक बिरामी भएपछि उसले देखाएका क्रियाकलापहरूमा ऊ पूर्ण रूपमा विक्षिप्तजस्तो बनेको छ। यस्तो विक्षिप्ति मनोरोगको प्रकटीकृत रूप हो। कुनै पनि डक्टर तथा धामीझाँक्रीले पनि निको पार्न नसकेको निसाम्लाई उसभित्र आफैँबाट निस्किएर गएको छायाले उसलाई भयभीत बनाएर जीवन मरणको अवस्थामा पुऱ्याएको छ। मनोरोगी पात्रहरू आफू एकान्तमा बस्ने, बर्बराउने, रुने, कराउने, चिच्याउने, घर छाडेर एक्लै वनजङ्गल घुम्ने, एउटै वस्तुलाई विभिन्न रूपमा देख्ने प्रकृतिका हुन्छन्। निसाम्मा पनि यी सबै

क्रियाकलापहरू देखिएका र मानसिक असन्तुलनका सबै चरणहरू उसले पनि पार गरेकाले *आदिवासी* पूर्ण रूपमा मनोवैज्ञानिक उपन्यास हो भन्ने निष्कर्ष यस लेखको विश्लेषणबाट प्राप्त भएको छ। जीवनभर निसाम् मनोरोगी भए पनि उपन्यासको अन्त्यमा उसले आफूलाई सन्तुलित गर्न सफल भएको छ। सारमा जीवनजगत्को विस्तृत ज्ञान र बोधपछि मनोरोगलाई पनि सन्तुलित रूपमा शमन गर्न सकिन्छ भन्ने निष्कर्ष पनि यस उपन्यासले प्रस्तुत गरेको छ।

## सन्दर्भसामग्री


आचार्य, कृष्णप्रसाद (२०६२), *पाश्चात्य साहित्य सिद्धान्त तथा समालोचना पद्धति र नेपाली समालोचना,* क्षितिज प्रकाशन।

खतिवडा, गिरिराज (२०६८), साहित्यकार देश सुब्बाको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, महेन्द्र बहुमुखी क्याम्पस, धरान।

दाहाल, खेम (२०६६), आदिवासी उपन्यास सङ्क्षिप्त विमर्श, भित्र प्रकाश थाम्सुहाङ (सम्पा.),*भयवाद वैचारिक चिन्तन* (पृ.१६-२०), नेपाली साहित्य समाज।

न्यौपाने, टङ्क (२०६६), भयवादी आदिवासी एक अनुचर्चा, भित्र प्रकाश थाम्सुहाङ (सम्पा.), *भयवाद वैचारिक चिन्तन* (पृ.३२-३९), नेपाली साहित्य समाज।

बराल, कृष्ण (२०६६), आदिवासी उत्खनन लेखनमा भयवादको प्रयोग, भित्र प्रकाश थाम्सुहाङ (सम्पा.), *भयवाद वैचारिक चिन्तन* (पृ.१०-१५), नेपाली साहित्य समाज।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५६/२०५८), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* साझा प्रकाशन।

भट्टराई, गोविन्दराज (२०६६), नेपाली साहित्यमा एक नवीवतम सिद्धान्त र प्रयोगका कुरा, भित्र प्रकाश थाम्सुहाङ (सम्पा.), *भयवाद वैचारिक चिन्तन* (पृ.५३-६१), नेपाली साहित्य समाज।

माबुहाङ, अर्जुन (२०६६), लिम्बुवानको भय, भित्र प्रकाश थाम्सुहाङ (सम्पा.), *भयवाद वैचारिक चिन्तन* (पृ.१-५), नेपाली साहित्य समाज।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* विद्यार्थी पुस्तक भण्डार।

शेर्मा, मुनाराज (२०६६), भयवाद एक चर्चा, भित्र प्रकाश थाम्सुहाङ (सम्पा.), *भयवाद वैचारिक चिन्तन* (पृ.६-९), नेपाली साहित्य समाज।

श्रेष्ठ, ईश्वरकुमार (२०५८), *पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता वाद र प्रणाली* (ते. सं.), साझा प्रकाशन।

सुब्बा, देश (२०६४), *आदिवासी*, सृजनशील साहित्य, समाज हङकङ।

सुवेदी, राजेन्द्र (२०६४), *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति* (दो. सं.), साझा प्रकाशन।